सजिलो बनाउ, कठिन नबनाउ। खुसीको खबर सुनाउ, घृणा पैदा नगर।

अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "सजिलो बनाउ, कठिन नबनाउ। खुसीको खबर सुनाउ, घृणा पैदा नगर।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दीन (धर्म) र सांसारिक सबै मामिलाहरूमा शरीअतको सीमाभित्र रहेर मानिसहरूलाई सहजता प्रदान गर्न र उनीहरूलाई कठिनाइमा नराख्न आदेश दिइरहनु भएको छ । साथसाथै उहाँ मानिसहरूलाई खुशीको खबर सुनाउन र घृणा पैदा नगर्न प्रोत्साहित गर्नुभएको छ ।

http://www.sunnah.global/hadeeth/ne/show/5866